सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
झाईनियाँ, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं. २०८२/८३
च.नं.

मिति-२०८३।०१।२४

**सरकारी, सार्वजनिक तथा निजि जग्गा अतिक्रमण गर्नेको विवरण उपलब्ध गराउने सम्बन्धमा दोस्रो पटक प्रकाशित सार्वजनिक सूचना।**

जिल्ला प्रशासन कार्यालय मोरङको च.नं. ९०२१, मिति २०८३/०१/१५ गतेको पत्रानुसार यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका सरकारी, सार्वजनिक तथा कसैको निजि जग्गा समेत जो कोहिले कुनै पनि बहानामा अतिक्रमण गरेको भए सो को विवरण संकलन गर्ने प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । तसर्थ यस नगरपलिका क्षेत्रभित्र जग्गा अतिक्रमण भएको भए वा गरिएको भए त्यस्तो अतिक्रमण गर्ने व्यक्ति/ संस्थाहरुको विवरण खुलाइ यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र जानकारी गराईदिनहुन सम्पुर्ण सुनवर्षी नगरवासि लगायत जानकार राख्ने जो कोहि व्यक्तिलाई हार्दिक अनुरोध गरिन्छ ।

अतिक्रमण गर्नेको खुलाउनु पर्ने विवरणः-

१. अतिक्रमण गर्ने व्यक्तिहरुको तिन पुस्ते नाम र विवरण ।

२. अतिक्रमण गर्ने व्यक्तिहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. आफुले अतिक्रमण गर्ने व्यक्तिले आफैले पनि स्वघोषणा गर्न सकिनेछ ।

यसरी प्राप्त विवरणहरुलाई छानविन गरि आवश्यक कारवाहीको लागि जिल्ला प्रशासन कार्यालय मोरङमा पठाइनेछ । पछि फरक नपर्ने गरि सत्य तथ्य विवरण उपलब्ध गराई सहयोग गरिदिन हुन सादर अनुरोध छ ।

प्रमूख प्रशासकिय अधिकृत


फोनः०२१-४३३०२५(नगरप्रमुख) ०२१-४३३०२६(नगर उपप्रमुख) वेबसाइटः www.sunawarshimun.gov.np इमेलः sunawarshimun@gmail.com